# नेपाली राजदूतावास, अबुधाबी

Tel.: +971-2-6344767 / 6344385, Fax: +971-2-6344469
E-mail : eonabudhabi@mofa.gov.np
Website: www.ae.nepalembassy.gov.np


*Ref.*

## प्रेस विज्ञप्ति

माननीय उद्योग, वाणिज्य तथा आपूर्ति राज्यमन्त्री श्री मोतिलाल दुगडले संयुक्त अरब इमिरेट्स (युएइ) का ऊर्जा तथा उद्योग मन्त्री H. E. Eng. Suhail Mohamed Faraj Al Mazrouei सँग युएइको ऊर्जा तथा उद्योग मन्त्रालयमा आज मिति २०७६/११/०४ का दिन भेटघाट सम्पन्न गर्नुभयो ।

उक्त भेटघाटका अवसरमा उहाँहरूले द्विपक्षीय सम्बन्धका विविध पक्षहरूको चर्चा गर्दै दुई मुलुकहरूले जलविद्युत्, नवीकरणीय ऊर्जा तथा पर्यटन क्षेत्रको विकासमा लगानी गर्न सकिने विषयमा छलफल गर्नुभएको थियो ।

माननीय राज्यमन्त्रीले नेपालमा कृषि, पर्यटन, जलविद्युत, ऊर्जालगायतका क्षेत्रहरूमा लगानीको प्रचुर सम्भावना रहेको बताउँदै युएइ सरकार र निजी क्षेत्रहरूलाई नेपालमा लगानी गर्न आव्हान गर्नुभयो । साथै, उहाँले नेपालले राजनीतिक स्थायित्त्व प्राप्त गरेपश्चातको प्राथमिकताको क्षेत्रको रूपमा दिगो आर्थिक वृद्धि र विकास रहेको उल्लेख गर्नुभएको थियो । युएइका ऊर्जा तथा उद्योग मन्त्रीले ऊर्जाको एक महत्वपूर्ण स्रोत जलविद्युत् रहेको र नेपालमा जलविद्युत्को प्रचुर सम्भावना रहेकोले त्यसमा लगानी भित्र्याउन ठोसरूपमा पहल गर्नुपर्ने बताउनुभयो ।

माननीय राज्यमन्त्री दुबईमा आयोजना हुने EXPO 2020 का प्रतिनिधिहरूसँग भेटघाट तथा उक्त EXPO मा निर्मणाधीन Nepal Pavilion को निरीक्षणका लागि हिजो युएइ आईपुग्नुभएको हो।

उक्त भेटघाटमा युएइका लागि नेपाली राजदूत महामहिम श्री कृष्णप्रसाद ढकाललगायत दूतावासका उच्च अधिकारीहरूको समेत उपस्थिति रहेको थियो ।

**नेपाली राजदूतावास,**
**अबुधाबी, संयुक्त अरब इमिरेट्स**

**४ फागुन २०७६ (१६ फ्रेबुअरी २०२०)**